# आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर

पत्र संख्याः ०७८।७९
च.नं. 260

मितिः २०७८/१२/२९

श्री सबै महा, उप, नगर/गाउँपालिकाहरु

विषयः बजेट, नीति र कार्यक्रमका सम्वन्धमा सिफारिस गरिएको।

उपरोक्त सम्बन्धमा राष्ट्रिय विकासमा आदिवासी जनजातिको योगदान जुटाउन समुदायको ज्ञान सिपको उत्पादन, संरक्षण र प्रवर्द्धन गरी उनीहरुलाई शशक्तिकरण गर्नका लागि नीति र वजेट व्यवस्था गरी यसै पत्र साथ संलग्न कार्यक्रम तथा क्रियाकलापको कार्ययोजना बमोजिम आर्थिक वर्ष २०७९/०८० दखि शुरु गरी निरन्तर रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था हुन आयोग सिफारिस गर्दछ।

राम वहादुर थापामगर
अध्यक्ष
मा. अध्यक्ष

टेलिफोन नं : ९७७-१-५५२४७८८, ५५२४४२४
बेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

Scanned with CamScanner

**आदिवासी जनजाति आयोग**

**राष्ट्रिय विकासमा आदिवासी जनजातिको सहभागिता वृद्धि गरी योगदान पुर्याउन आवश्यक बजेट तथा कार्यक्रमको सिफारिस**

| क्र.स | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार निकाय | समय | सूचक |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाति समुदायको अवस्था अध्ययन गर्ने | १. आदिवासी जनजाति समुदायको वाहुल्य क्षेत्र यकिन गरी सो क्षेत्रमा सम्वन्धित समुदायका लागि उपयुक्त नीति तथा कार्यक्रम वनाउने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | विभिन्न पालिकाहरु अन्तर्गत वसोवास गर्ने आदिवासी जनजातिको पेशा, शैक्षिक अवस्था, प्राकृतिक श्रोत माथिको अधिकार/उपभोगको अवस्था/ स्थिति जानकारी भएको हुने |
| | | २.पेशा र आयआर्जनको स्थिति मूल्यांकन गर्ने | | | |
| | | ३. घर, परिवार र जनसंख्या यकिन गर्ने | | | |
| | | ४. शैक्षिक तथा स्वास्थ्य अवस्थाको विवरण अध्यावधिक गर्ने | | | |
| | | ५. प्राकृतिक श्रोत साधन माथिको निर्भरताको स्थिति पहिचान गर्ने | | | |
| २ | आदिवासी समुदायको परम्परम्परागत र साकमुदायिक संरचनाको सुदृणीकरण गर्ने | १. गुठी परम्पराको संरक्षणात्मक कार्यक्रम सञ्चालन गर्ने | संघ, प्रदेश, स्थानीय तह र सम्वन्धित समुदाय | निरन्तर | आदिवासी जनजाति समुदायको परम्परागत र सामुदायिक संरचनाको संरक्षण र सुदृणीकरण भएको हुने । |
| | | २. मगर समुदायको भेजा परम्परागको संरक्षण गर्ने | संघ, प्रदेश, स्थानीय तह र मगर समुदाय | | |
| | | ३. थकाली समुदायको मुखिया प्रथाको संरक्षण गर्ने | संघ, प्रदेश, स्थानीय तह र थकाली समुदाय | | |
| | | ४. थारु समुदायको बड्घर परम्परालाई संरक्षण गर्ने | संघ, प्रदेश, स्थानीय तह र थारु समुदाय | | |
| | | ५. ऐतिहासिक सांस्कृतिक सम्पदाहरुको संरक्षणात्मक कार्यक्रम सञ्चालन गर्ने | संघ, प्रदेश, स्थानीय तह र सम्वन्धित समुदाय | | |
| ३ | लोपोन्मुख र अति सिमान्तकृत आदिवासी जनजाति समुदायका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सुरक्षाको प्रत्याभूति गर्ने | स्थानीय तह मार्फत लोपोन्मुख (१० जाति) र अति सिमान्तकृत (१२ जाति) को विस्तृत तथ्यांक अव्यावधिक गरी स्वास्थ्य विमा कार्यक्रम र स्वास्थ्य सुरक्षा प्रत्याभूतिका लागि अनुदान दिने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | सबै लक्षित समुदायका लागि स्वास्थ्य विमा भएको भई स्वास्थ्य सुरक्षाको प्रत्याभूत हुने |
| ४ | लोपोन्मुख र अतिसिमान्तकृत आदिवासी जनजातिलाई निशुल्क उच्च शिक्षा प्रदान गर्ने । | उच्च शिक्षाका लागि सरकारी छात्रवृत्तिको व्यवस्था गर्ने | १. विश्व विध्यालयहरु र शैक्षिक संस्थाहरु | निरन्तर | लक्षित वर्गको उच्च शिक्षामा पहुँच पुगेको हुने |

आदिवासी जनजाति आयोग

मा. अध्यक्ष

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | परम्परागत ज्ञान र सिपमा आधारित घरेलु वस्तुको व्यावसायिक उत्पादन र वजारीकरणमा सहयोग गर्ने | १. आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान र सिपमा आधारित स्थानीय कच्चा पदार्थका मौलिक उत्पादनहरु (लेकाली सिन्की/गुन्दुक, जामहान/जाँड अल्लोको कपडा, भक्का, जुजु धौ, सिस्नोको धुलो, च्याङ्ग्राको पस्मिना आदि) को प्रवर्धन र वजारीकरणका लागि सामुहिक ट्रेडमार्कको व्यवस्था गर्ने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | परम्परागत सीप र ज्ञानमा आधारित वस्तुहरुको व्यावसायिक उत्पादन र वजारीकरण भएको हुने । |
| | | २. सानातिना उपकरणमा सहुलियत प्रदान गर्ने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | |
| | | ३. निर्गत (Output) का आधारमा अनुदान दिने प्रणाली व्यवस्थित गर्ने | संघ, प्रदेश, सम्वन्धित महासघ/संघ | निरन्तर | |
| ६ | क) परम्परागत रुपमा उत्पादित स्थानीय फलफुल, जडीवुटीजन्य प्रशोधित जुस र खाध्यवस्तु तथा मदिराजन्य पदार्थको व्यावसायिक उत्पादन र वजारीकरण गर्ने | १. परम्परागत रुपको उत्पादन प्रणालीलाई कायमै राखी सामुदायिक संस्था मार्फत समान गुणस्तर कायम गरी स्थानीय आदिवासी जनजातिको सामुहिक प्रयासबाट उत्पादन गर्ने | संघ, प्रदेश र सम्वन्धित सामुदायिक संस्था | निरन्तर | परम्परागत रुपमा उत्पादित वस्तु खाध्यान्न तथा मदिराजन्य वस्तुको व्यावसायिक उत्पादन भई वजारीकरण भएको हुने । |
| | | २. स्थानिय मदिराजन्य पदार्थको उत्पादन गर्न प्रयोग भएका स्थानीय वस्तु र समुदायको साङ्केतिक व्राण्डिङ र लेवलिङ गरी उत्पादन र वजारीकरण गर्ने | | | |
| | ख) बहुउपयोगी र वहुमूल्य जडीवुटीको व्यावसायिक उत्पादन, प्रशोधन, वजारीकरण गर्न सहयोग गर्ने | १. आदिवासी जनजातिहरुले परम्परा देखि नै उपयोग गर्ने औषधीजन्य जडीवुटीको पहिचान गर्ने, संरक्षण र त्यसको विस्तार गर्न व्यवसायिक खेती प्रणाली विकास गर्ने | संघ, प्रदेश, सम्वन्धित सरकारी निकाय र सामुदायिक संस्था | निरन्तर | बहुपयोगी र वहुमूल्य जडिवुटीको उत्पादन, प्रशोधन र वजारीकरण भएको हुने |
| | | २. प्रशोधन प्रक्रिया निर्धारण गरी प्रशोधित वस्तु उत्पादन गर्न सहुलितय प्रदान गर्ने | संघ, प्रदेश र स्थानीय तह | | |
| | | ३. स्थानिय स्तरमा उत्पादित वस्तुहरुको वजारीकरण गर्न सहयोग गर्ने | | | |

मा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | परम्परागत संस्कृतिमा आधारित पर्यटन प्रवर्दन गर्ने | १. आदिवासी जनजाति समुदायका मूर्त-अमूर्त सांस्कृतिक संम्पदाहरुको अध्ययन गरी विश्व सम्पदा सूचीकरणका लागि सहयोग पुर्याउने<br>२. परम्परागत सस्कृति र संम्पदामा आधारित पर्यटन प्रवर्धन गर्न स्थानीय वास्तुकला झल्कने संरचना, सील्पकला, भेषभुषा, लोक गीत/नृत्य पर्व आदिको संरक्षण गर्ने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | स्थानीय पूर्वाधार संस्कृति र होमस्टे मार्फत स्थानीय संस्कृति र पर्यटनको प्रवर्दन भएको हुने |
| | | ३. सामुदायिक संस्कृतिमा आधारित खाध्य सामाग्री उत्पादन गरी पर्यटन प्रवर्द्धन गर्न होमस्टेहरु संचालन गर्ने | संघ, प्रदेश र सम्वन्धित समुदाय | | |
| ८ | विपन्न आदिवासी जनजाति र अन्य समुदायलाई हाल विनियोजित वजेटबाटै स्थानीय स्तरमा सञ्चालित हुने विकास निर्माण कार्यमा स्थानीय साधन श्रोत र श्रम प्रयोग गरी रोजगारी प्रदान गर्दै गरिवी न्यूनीकरण गर्ने । | १. स्थानीयस्तरमा सञ्चालित विकास निर्माणमा ठूला मेसिन औजारको प्रयोगमा प्रतिवन्ध लगाउने<br>२. विकास निर्माण कार्य स्थानीय श्रम शक्तिवाट मात्र गर्ने गरी श्रम मूलक विधिबाट मात्र सञ्चालन गर्ने व्यवस्था गर्ने<br>३. विकास निर्माण कार्यमा स्थानीय परम्परागत ज्ञान, सिप, प्रविधि र स्थानीय साधन श्रोतको मात्र प्रयोग गर्ने व्यवस्था गर्ने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | विकास निर्माणमा स्थानीय साधन श्रोत र जनशक्तिको प्रयोगवाट रोजगारी मार्फत गरिवी न्यूनीकरण हुने |
| ९ | आदिवासी जनजाति समुदायको भाषा, लिपिको संरक्षण र प्रवर्द्धन गर्ने | १. चरणवदरुपमा विध्यालयको आधारभूत तहमा स्थानीय विषयबस्तु (पाठ्यक्रम) लाई मातृ भाषाका माध्यमवाट पठनपाठन गराउने<br>२. समुदायमा सेवा प्रदान गर्ने सरकारी निकायका वडापत्र लगायतमा समुदायको स्थानीय भाषा र लिपिको प्रयोग गर्ने | संघ, प्रदेश र स्थानीय तह | निरन्तर | आदिवासी जनजाति समुदायको भाषा र लिपिको संरक्षण भएको हुने |
| १० | आदिवासी जनजाति समुदाय संग सम्वन्धित सम्पूर्ण ज्ञान, सिप र प्रविधिको लिखित दस्तावेजहरुको संग्रह केन्द्र (रिफरेन्स सेन्टर) स्थापना र सञ्चालन गर्ने | सम्वन्धित सामाग्री सङ्कलन गर्ने | संघ, प्रदेश, स्थानीय तह र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | निरन्तर | संग्रह केन्द्र (रिफरेन्स सेन्टर) स्थापना र सञ्चालन भएको हुने |

आदिवासी जनजाति आयोग

मा. अध्यक्ष

Scanned with CamScanner